# नेपाल राष्ट्र बैङ्क
## सामान्य सेवा विभागको
# फर्निचर तथा फुटकर सामानहरु लिलामको सूचना
(शिलबन्दी बोलपत्रको लागि)

**प्रथम पटक प्रकाशित मिति : २०६६/०६/२१**

यस कार्यालयका देहाय बमोजिमका फर्निचर तथा फुटकर कार्यालय सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएको हुनाले उक्त फर्निचर तथा फुटकर सामानहरु खरिद गर्न इच्छुक ब्यक्ति वा फर्महरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

| सि.नं. | सामानको विवरण | परिमाण/थान | सि.नं. | सामानको विवरण | परिमाण/थान |
|---|---|---|---|---|---|
| १ | फलामको दराज (ठूलो) | १८ | २३ | वाल फ्यान | ३ |
| २ | सेफ टाइपको दराज | १ | २४ | टेबुल फ्यान | ४ |
| ३ | फलामको दराज (सानो) | ५ | २५ | सिलिङ फ्यान | ५ |
| ४ | काठको दराज (ठूलो) | ५ | २६ | फलामको ओडान | ३ |
| ५ | फाइलिंग क्याविनेट (४ खण्डे) | २६ | २७ | फलामको टूक्रा, जस्तापाता, पाइप आदि | १ |
| ६ | फाइलिंग क्याविनेट (३ खण्डे) | ७ | २८ | आगो निभाउने सिलिण्डर | २७ |
| ७ | काठको टेवल | ५६ | २९ | मोटरको टायर | १९० |
| ८ | काठको मेच | १०२ | ३० | केरोसिन हिटर (जापानिज) | २८ |
| ९ | फलामको मेच | ४६ | ३१ | केरोसिन हिटर | ५४ |
| १० | फलामको गोलो टेवल | १ | ३२ | फ्यान हिटर | ४ |
| ११ | रिभल्विङ च्येर | ३४ | ३३ | इलेक्ट्रीक हिटर | ४ |
| १२ | फलामको खुल्ला र्याक | २ | ३४ | एअरकण्डिसन | १ |
| १३ | फलामको भर्‍याङ (चार टुक्रा र पाइप समेत) | १ | ३५ | मोटरको ब्याट्री | ४० |
| १४ | फलामको पानी ट्यांकि | ३ | ३६ | झ्यालको खापा (काठको) | ४ |
| १५ | फलामको बाल्टीन | ४ | ३७ | सिलेवरको किट्ली | १९ |
| १६ | फलामको रेलिङ बार | ४ | ३८ | पानी फिल्टर | ५ |
| १७ | फलामको ड्रूम | ३ | ३९ | प्रेशर कुकर | ३ |
| १८ | फलामको बुक र्याक | ३ | ४० | सिलेवरको डिक्ची | ३ |
| १९ | स्टोभ (ठुलो) | १० | ४१ | साइकल | ११ |
| २० | फ्रिज | १ | ४२ | हजारी | १ |
| २१ | सोफा सेट | ७ | ४३ | ग्यास स्टोभ | १ |
| २२ | स्ट्याण्ड फ्यान | १८ | | **जम्मा न्युनतम मूल्यांकन रकम रु.** | **१६०४६५।-** |

१. लिलाम शिलबन्दी बोलपत्र खुल्ने स्थान, समय र मिति :
   - क) स्थान : नेपाल राष्ट्र बैङ्क, सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौं
   - ख) समय : दिउँसो १.३० बजे
   - ग) मिति : २०६६/०७/०५

२. लिलाममा भाग लिने ब्यक्ति/संस्थाले उक्त सामानहरु एकमुष्ट रुपमा रकम तोकी बढी रकम कबोल गर्नेले उक्त सामानहरु एकमुष्ट रुपमा उठाई लानु पर्नेछ । छुट्टाछुट्टै सामानको लागि छुट्टाछुट्टै मूल्य तोक्न पाईने छैन ।

३. बोलपत्र साथ कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम बराबर यस बैङ्कको बैङ्किग कार्यालयमा सा.हि.नं. ९ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

४. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

५. बोलपत्र फाराम रु. ५००।- (रुपैया पाँच सय मात्र) (फिर्ता नहुने गरी) बुझाई यस बैङ्कको सामान्य सेवा विभागबाट लिन सकिनेछ ।

६. लिलाम हुने सामान हेर्न/बुझ्न चाहनेले कार्यालय समय विहान १० बजे देखि दिउँसो ४.०० बजेसम्म यस बैङ्कको केन्द्रीय कार्यालय, सामान्य सेवा विभागमा सम्पर्क राख्न सकिन्छ ।

७. लिलाममा भाग लिन इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरिएको) स्थायी लेखा नम्बर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नेपाल राष्ट्र बैंकमा सुरक्षित हुनेछ ।

९. यो सूचना तथा बोलपत्रका शर्तहरु नेपाल राष्ट्र बैंङ्कको वेवसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

लिलाम सम्बन्धी निदेशिका, २०६५

अनुसूची –५ (क)

(दफा ११ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

नेपाल राष्ट्र बैंक

**सामान्य सेवा विभाग**

# फर्निचर तथा फुटकर सामानहरु लिलामको बोलपत्र फाराम

(क) बोलपत्र पेश गर्ने अन्तिम मिति र स्थान : २०६६।००।००, नेपाल राष्ट्र बैंक, सामान्य सेवा विभाग

(ख) बोलपत्र खोल्ने मिति, समय र स्थान : २०६६।००।००, दिउंसो १.३० बजे, नेपाल राष्ट्र बैंक, सामान्य सेवा विभाग

.....................
बैंकको छाप

................................................
प्रमाणित गर्ने बैंकको अधिकृतको सही

बोलपत्रदाताले भर्ने

१. कबोल गरेको कूल रकम : अङ्कमा रु.

अक्षरमा रु.

२. पाँच प्रतिशत धरौटी बापत दाखिला गरेको सँलग्न भौचर थान ....... बाट हुने कूल रु...........

३. सँलग्न बोलपत्र सम्बन्धी सबै शर्तहरु अध्ययन तथा स्वीकार गरी यो बोलपत्र भरी पेश गरेको छु ।

बोलपत्र फाराम पेश गर्नेको:

दस्तखत:

पूरा नाम:

सम्पर्क ठेगाना:

फोन नं:

फ्याक्स नं.:

इमेल:

....................................
फर्म/कम्पनी भए सोको छाप

नेपाल राष्ट्र बैंक
लिलाम सम्बन्धी निदेशिका, २०६५
अनुसूची –५ (ख)
(दफा ११ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

## फर्निचर तथा फुटकर सामानहरु लिलाम बोलपत्र सम्वन्धी शर्तहरुः

१. बैंकका अधिकृतले प्रमाणित गरी तोकिएको मोलमा बिक्री गरिएको सक्कल बोलपत्र फाराममा बोलपत्र भरिएको हुनु पर्नेछ । प्रतिलिपि वा फोटोकपिमा भरिएको बोलपत्रलाई मान्यता दिइने छैन ।

२. बोलपत्रदाताले दर (रेट) अङ्क र अक्षरमा स्पष्ट लेख्नुको साथै जम्मा रकम समेत उल्लेख गर्नु पर्नेछ । साथै बोलपत्र पेश गर्दा दर देखिनेमा दर, जम्मा देखिनेमा जम्मा दर र जम्मा दुबै देखिनेमा दुबै खोली अंकलाई अक्षर समेतले बोलाई लेख्नु पर्नेछ । जम्मामा अङ्क र अक्षर नलेखिएको बोलपत्रलाई मान्यता दिइने छैन । सो लेख्दा भरिसक्य नबिराइकन स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । बिरिन गई सच्याउनु परेमा अङ्क र अक्षर खुर्कनु, मेट्नु हुदैन । बिरिएजति अङ्क र अक्षर पढ्न सकिने गरी केरी थप्न पर्ने भएमा थप चिन्ह प्रयोग गरी जे लेख्नु पर्ने हो लेखी थप तथा केरमेटमा समेत अरु अङ्क र अक्षर थपघट गर्न नमिल्ने गरी अगाडि र पछाडि सहिछाप गरेको हुनु पर्नेछ । सो वमोजिम नभएको बोलपत्रलाई मान्यता दिइने छैन ।

३. आफूले कबोल गरेको कूल मोलको न्यूनतम पांच प्रतिशत धरौटी रकम नेपाल राष्ट्र बैंक, थापाथली स्थित सा.हि.नं. ९ नं मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिले तीस दिन मान्य अवधि रहेको यस बैंकबाट मान्यताप्राप्त बेंक तथा वित्तीय संस्थाले यस बैंकको नाममा जारी गरेको बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ सँलग्न गर्नु पर्नेछ । धरौटी रकम बैंक दाखिला नगरी नगदै दाखिला गर्ने बोलपत्रलाई मान्यता दिइने छैन ।

४. बोलपत्र राखिएको खामको बाहिर शीरमा **फर्निचर तथा फुटकर सामानको लिलाम सम्वन्धी शीलबन्दी बोलपत्र** लेखी **श्री कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक, सामान्य सेवा विभाग**लाई सम्वोधन गरिएको हुनु पर्नेछ ।

५. बोलपत्र खोलिने दिन बिदा पर्न गएमा सो पछिको कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ ।

६. प्राप्त भएका शीलबन्दी बोलपत्रहरु बोलपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ ।
तर बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

७. सामान उठाउन आदेश पाएको बोलपत्रदाताले आफूले कबोल गरेको रकम मध्ये दश प्रतिशत धरौटी बापत दाखिला गरेको रकम कटाई बाँकी हुन आउने रकम दाखिला गरी आफूले सकार गरेका सामानहरु तोकिएको म्यादभित्र उठाउनु पर्नेछ । तोकिएको म्यादमा सामान उठाई नलगेमा निजले धरौटी बापत दाखिला गरेको रकम जफत गरी अर्को बोलपत्रदातालाई सामान उठाई लाने आदेश दिन सकिनेछ ।

८. सामान उठाई लांदा लाग्ने ढुवानी, शुल्क तथा अन्य खर्चहरु बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

९. तोकिएको म्यादभित्र प्राप्त नभएका र रीत नपुगेका बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१०. प्राप्त बोलपत्रहरु स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित हुनेछ । सो कारवाही सम्बन्धी कुनै कुरा प्रकाशमा ल्याउन वा जानकारी दिन बैंक बाध्य हुने छैन ।

११. बोलपत्र खरिद गर्दा बैंकले उपलब्ध गराएको रसिद बोलपत्रसाथ अनिवार्य रुपले संलग्न हुनु पर्नेछ ।

१२. प्रस्तुत लिलाम बोलपत्रमा भागलिन आफु हरतरहले योग्य रहेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।

१३. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

१४. लिलाममा भाग लिन इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरिएको) स्थायी लेखा नम्बर लिएको वा मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१५. बोलपत्रको गणपुरक संख्या कम्तीमा तीन हुनेछ । आवश्यक भन्दा घटी बोलपत्र प्राप्त हुन आएमा पहिले प्राप्त भएका बोलपत्रलाई मान्यता दिने वा नदिने भन्ने शर्त सहित पुनः बोलपत्र माग गर्न सकिनेछ ।

१६. लिलाम बोलपत्र सम्बन्धी अन्य कुराहरु नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका २०६५ बमोजिम हुनेछ ।

लिलाम सम्बन्धी निदेशिका, २०६५

अनुसूची -६

(दफा ११ को उपदफा (५) सँग सम्बन्धित)

## सामान्य सेवा विभाग र स्वीकृत बोलपत्रदाता...... बीच भएको सम्झौतापत्र

नेपाल राष्ट्र बैंक, सामान्य सेवा विभाग यस पछि "कार्यालय" भनिएको र (डाँक कबोल गर्ने वा वोलपत्रदाताको नाम, ठेगाना) यसपछि "लिलाम खरिदकर्ता" भनिएको बीच मिति ....... मा भएको लिलाम बढाबढको कारवाहीको परिणाम स्वरुप वा स्वीकृत भएको बोलपत्रको आधारमा देहायका शर्तहरु एक अर्काले पालन गर्ने गरी यो सम्झौतापत्र गरिएको छ ।

<u>शर्तहरु:</u>

(१) लिलाम बिक्री गर्ने निर्णय गरिएका फुटकर समानहरुको रु ..................... धरौटी कटाई बाँकी रहेको रु .................... खाता नं. ................... मा जम्मा गरेको सक्कल भौचर र ............ दिन भित्र नेपाल राष्ट्र बैंक, सामान्य सेवा विभागमा बुझाई ......................... दिनभित्र सामान बुझी लैजानु पर्नेछ ।

(२) शर्त नं. १ बमोजिमको अवधिभित्र दाखिला गर्नु पर्ने रकम दाखिला गरी सामान नलगेमा धरौटी रकम जफत गरी अरुलाई बिक्री गर्न सकिनेछ ।

(३) यस सम्झौतामा तोकिएको म्यादभित्र सामान लैजान नसक्ने भै म्याद थपको लागि लिलाम खरिदकर्ताले निवेदन पेश गरेमा कबोल रकमको पहिलो पाँच दिनको लागि तीन प्रतिशतका दरले र त्यसपछिको दश दिनकालागि पांच प्रतिशतका दरले हुन आउने हर्जाना रकम असूल गरी म्याद थप गर्न सकिनेछ ।

(४) तोकिएको अवधिभित्र कार्यालय समयमा सामान लिन आएमा कार्यालयले उक्त सामान यथाशिघ्र उठाउन दिनेछ ।

(५) सामान लैजाँदा लाग्ने ढुवानी, शुल्क तथा अन्य खर्चहरु लिलाम खरिदकर्ताले नै व्यहोर्नु पर्नेछ ।

| लिलाम खरिदकर्ताको तर्फबाट : | कार्यालयको तर्फबाट: |
|---|---|
| दस्तखत............................ | दस्तखत.................................... |
| नाम................................ | नाम....................................... |
| साक्षी : लिलाम खरिदकर्ताको तर्फबाट | साक्षी : कार्यालयको तर्फबाट |
| १........................................ | १.......................................... |
| २....................................... | २.......................................... |

ईति सम्बत् २०६६ साल ............ महिना ................ गते रोज ......... शुभम् ....

# प्राप्त लिलाम बोलपत्रको मुचुल्का

नेपाल राष्ट्र बैङ्कबाट मिति २०६६/००/०० मा प्रकाशित फर्निचर तथा फुटकर सामानहरु लिलाम बिक्री गर्ने सूचना बमोजिम आज मिति २०६६/००/०० गतेका दिन अपरान्ह १.३० बजे उक्त फर्निचर तथा फुटकर सामानहरु खरिद गर्न बोलपत्र प्रस्ताव पेश गरेका देहायमा उल्लेखित व्यक्ति/कम्पनीहरुले नियमानुसार पेश गर्नुपर्ने कागजातहरु मध्ये देहाय बमोजिमको कागजात सहित पेश गरेको सही हो भनी देहायका व्यक्तिहरुको रोहवरमा नेपाल राष्ट्र बैङ्क, सामान्य सेवा विभागमा बसी मुचुल्का गरिदिएका छौं ।

| सि.नं. | विवरण | बोलपत्र पेश गर्ने व्यक्ति/फर्म कम्पनीहरुको नाम | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | कैफियत |
| १ | बैङ्कको अधिकृतले प्रमाणित गरी दिएको सक्कलै बोलपत्र भरी पेश गरे/ नगरेको | | | | | | | |
| २ | बोलपत्र खरिद गर्दा बैङ्कले उपलब्ध गराएको रसिद बोलपत्रसाथ संलग्न भए/नभएको | | | | | | | |
| ३ | बोलपत्रको शर्त नं. २ मा उल्लेख भए बमोजिम उपयुक्त भए/नभएको | | | | | | | |
| ४ | सिलछाप भए/नभएको | | | | | | | |
| ५ | कबोल गरेको रकमको ५ प्रतिशतले हुने रकम जम्मा गरी सक्कल भौचर संलग्न गरे/नगरेको | | | | | | | |
| | (क) व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरे/नगरेको | | | | | | | |
| | (ख) फर्म कम्पनीको हकमा | | | | | | | |
| | • कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | | | | | | | |
| | • इजाजतपत्रको प्रमाणित प्रतिलिपि | | | | | | | |
| | • मूल्य अभिबृद्धि करमा दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | | | | | | | |

बोलपत्र पेश गर्नेहरुबाट उपस्थित

नेपाल राष्ट्र बैङ्कबाट उपस्थित